# नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

कुश्मा, पर्वत ।

## पाँचौ वार्षिक साधारण सभाको विवरण/माईन्युट

१ **वैधानिक सभाः**

यस वित्तीय संस्थाको २०८१ वैशाख २९ गते शनिबारको दिन वसेको सञ्चालक समितिको ९३औं वैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा नियमावली बमोजिम यस वित्तीय संस्थाको **पाँचौ वार्षिक साधारण सभा, २०८१** वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा वसी देहायका विषयहरु उपर छलफल तथा निर्णय गरी सुसम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समयः**

**स्थान:** रोयल कुश्मा रिसोर्ट, कुश्मा नगरपालिका वडा नं. ५, मेनरोड, पर्वत ।

**मिति:** वि.सं. २०८१/०२/२५ गते, शुक्रबार (तदनुसार ७ जुन, २०२४)

**समय:** दिनको १२:३० वजे,

३. **सभाको सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस वित्तीय संस्थाको पाँचौ बार्षिक साधारण सभाको सूचना आ.ब. २०७९/०८० को प्रतिबेदन एवम् वित्तीय विवरण लगायतका जानकारीहरु सबै शेयरधनीहरुलाई व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१ जेष्ठ १ गते र जेष्ठ २३ गते दुई पटक राष्ट्रिय स्तरको **"आर्थिक अभियान राष्ट्रिय दैनिक"** पत्रिकामा प्रकाशित गरिएको र वित्तीय संस्थाको वेवसाइटमा समेत राखिएको थियो । साथै सामाजिक सञ्जालबाट पनि शेयरधनीहरुलाई जानाकारी गराईएको थियो ।

४. **सञ्चालकहरुको उपस्थितिः उपस्थितिः**

| क्र.स | सञ्चालकहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सावित्री खत्री क्षेत्री लामिछाने | अध्यक्ष | |
| २. | श्री रत्न प्रसाद अधिकारी | सञ्चालक | |
| ३. | श्री जित बहादुर नेपाली | सञ्चालक | |
| ४ | श्री रेशम वहादुर खत्री | संञ्चालक | |
| ५ | श्री दुर्गा वहादुर शाह | सञ्चालक | |
| ६. | श्री विप्लव हमाल | सञ्चालक | |
| ७. | श्री एन्जेल श्रेष्ठ | सञ्चालक | |

५. **सभाको गणपुरक संख्याः**

| कुल शेयरधनी संख्या | कुल शेयर कित्ता | कुल शेयर रकम (रु.) | उपस्थिती | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थापक शेयरधनि संख्या | सर्वसाधारण शेयरधनि संख्या | जम्मा उपस्थिती | कुल शेयर कित्ता संख्या | कुल शेयररकम | प्रतिशत |
| ४६११४ | २५५०००० | २५५०००००० | २८ | २० | ४८ | १४४७२५० | १४५९५०५०० | ५७.२४ |

६. **सभाको वैधानिकेताः**

कम्पनी ऐन,२०६३ बित्तीय संस्थाको स्वीकृत विनियमावली बमोजिम **पाँचौ वार्षिक साधारण सभामा** संस्थाका कुल ८३ जना संस्थापक शेयरधनि मध्ये २८ जना शेयरधनि स्वयम् उपस्थित भई र शेयर कारोवार दाखेल खारेज बन्दको मिति २०८० जेष्ठ १७ गतेसम्म शेयर कारोवार भई धितोपत्र सम्वन्धि नियम अनुसार कायम भएका सर्वसाधारण शेयरधनि ४६ हजार ३१ जना मध्ये २० जना स्वयम् उपस्थित भई हाजिरी पुस्तिकामा हस्ताक्षर गरेको तथा कुल शेयरधनि मध्ये ४८ जनाको उपस्थिती रहेको र सो उपस्थिती २५ लाख ५० हजार कित्ता शेयर तथा २५ करोड ५० लाख शेयर रकम मध्ये १४ लाख ५९ हजार ५०५ शेयर कित्ता तथा १४ करोड ५९ लाख ५० हजार ५०० रकम शेयरको प्रतिनिधित्व भएकोमा सो कुल चुक्ता शेयर कित्ता वा चुक्ता पुंजीको ५७ दशमलव २३५ प्रतिशत हुन जाने भएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ वमोजिम गणपुरक संख्या पुगेको देखिएकोले **यस पाँचौ वार्षिक साधारण सभा**, २०८१ को वैधानिकता पुरा भएको जानकारी कम्पनी सचिव कमल प्रसाद शर्माले गराउनु भयो ।

७. **सभाको सभापतित्व र सभा सञ्चालनः**

साधारण सभा निम्नानुसार प्रक्रियागत रुपमा सम्पन्न भएको थियो:-

**क) साधारण सभाको शुभारम्भ र सञ्चालनः**

सञ्चालक समितिका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूको अध्यक्षता, सञ्चालक श्री रेशम बहादुर खत्रीको स्वागत तथा एचआर अधिकृत श्री इश्वरी प्रसाद शर्माको सञ्चालनमा सभा सम्पन्न भएको थियो । सभाको दिप प्रज्वलन गरी अध्यक्षज्यूवाट भयो । सभाको शुभारम्भसंगै अध्यक्षज्यू श्री सावित्री खत्री क्षेत्री लामछिानेज्यूबाट सञ्चालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन र आन्तरिक लेखा परीक्षण समितिका संयोजक गैर सञ्चालक श्री दुर्गा वहादुर शाहवाट आलेप प्रतिवेदन पेश भयो । सभाको शुभारम्भमा आजका निर्वाचन अधिकृत अधिवक्ता श्री विश्वराज पाण्डे, निबर्तमान हुन लाग्नु भएका सञ्चालक श्री जीत वहादुर नेपाली र मातृ संस्थाका प्रतिनिधी श्री प्रेम प्रसाद पौडेललाई संस्थागत सम्मान गरियो ।

**ख) वन्दसत्रः**

कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको स्वीकृत विनियमावली अनुसार सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले बन्दसत्रमा सञ्चालक समितिको तर्फबाट सभामा उपस्थित हुनु भएका सबै संस्थापक तथा सर्वसाधारण

शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नुभयो । सभामा आवश्यक गणपुरक संख्या पूरा भई वैधानिकता प्राप्त भएकोले अध्यक्षज्यूवाट सभाको कार्यवाही अगाडी बढाउनु भयो । बन्दसत्रमा संस्थाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदनको साथै सञ्चालक समितिको तर्फवाट प्रस्तावित प्रस्तावहरु सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले निर्णयार्थ सभामा पेश गर्ने काम भयो ।

**८. साधारण सभामा प्रस्तुत प्रस्तावहरुः**

**क) साधारण प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह बिवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) आर्थिक वर्ष २०८०/०८१ को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४) सञ्चालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरुः**

१) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमा ।

२) यस बित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा बढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती ( Acquisition) गर्ने, समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न/ गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**ग) विविध .**

**घ)** अन्यः यसरी नियमित रुपमा सुचनामा समावेश भएका प्रस्तावहरु अध्यक्षज्यूबाट निर्णयार्थ प्रस्तुत गरे पश्चात सभामा छलफल गर्नुपर्ने कुनै विषय वा प्रस्ताव भएमा

उपस्थित मध्ये दुई तिहाई शेयरको प्रतिनिधीत्व हुने गरी प्रस्ताव पेश गर्न सकिने जानकारी गराउनु भयो । यस पश्चात संस्थापक शेयरधनि राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालका प्रतिनिधी श्री प्रेम प्रसाद पौडेलले संस्थाको नाममा रहेको ५ लाख ६२ हजार कित्ता शेयर बिनिमेश सम्वन्धि कार्य योजना सहितको विशेष प्रस्ताव दर्ता गराउनु भयो । सो लाई सभाले निर्णयार्थ प्रस्तुत गर्न स्वीकृती दियो ।

**९. सञ्चालक समितिको तर्फबाट प्रतिवेदन प्रस्तुतिः**

सभाको निर्धारित विषय सूचीमा उल्लेख भए बमोजिमका विषयमा सञ्चालक समितिको तर्फवाट सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

**१०. बार्षिक प्रतिवेदन तथा प्रस्तुत प्रस्ताव माथि छलफलको लागि आह्वानः**

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभा आह्वानको सुचनामा निर्धारित विषय उपर केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषय सूची अनुसार बिचार मन्तव्य प्रकट गरिदिनु हुन अनुरोध गर्दै सभा अगाडी बढाउनु भयो ।

लेखा परिक्षण समितिका संयोजक सञ्चालक श्री दुर्गा बहादुर शाहज्यूले आर्थिक वर्ष २०८०/०८१ को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धि प्रस्ताव पेश गर्ने काम भयो ।

सभामा शेयरधनीहरुबाट प्रस्तुत गरिएका अन्य उचित राय, सल्लाह र सुझावहरु सभामा सहर्ष स्वीकार गरी सो वमोजिम आवश्यक शंसोधन समेत गरी प्रस्ताव पारित गर्ने र पारित प्रस्तावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालक समितिवाट प्रतिवद्धता व्यक्त गरियो ।

**११. सभाको निर्णयः**

निर्धारित विषय उपर शेयरधनी महानुभावहरुको जिज्ञासाप्रति छलफल एवम् प्रतिउत्तर दिए पश्चात अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनि सचिवले प्रस्तावहरु निर्णयार्थ पेश गर्नु भएको प्रस्ताव उपर सभावाट देहाय बमोजिम सर्वसम्मत निर्णय भयो ।

**क) सामान्य प्रस्ताव तर्फको निर्णयहरुः**

१) **सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने एवम् कार्यन्वयनको लागि अख्तियारी दिने** सम्वन्धमा: छलफल गर्दा यस गरिमामय पाँचौ बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फवाट समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूवाट प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को आर्थिक परिसुचक सहितको गतिविधी एवम् यस वार्षिक साधारण सभासम्मको अवधीमा भए गरेका संस्थागत क्रियाकलाप एवम् चालु आर्थिक बर्ष २०८०/८१ को कार्यक्रमहरु समेतलाई समेटी प्रस्तुत वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/०८० को प्रगती तथा चालु आर्थिक बर्ष २०८०/८१ को कार्यक्रम सहितको वार्षिक प्रतिवेदन, २०७९/०८० लाई सर्वसम्मतीले पारित गरी वित्तीय संस्थाले सम्पादन गर्नपर्ने कार्यहरु तथा आवश्यक नीति, निर्माण,

निर्णय तथा सो को कार्यान्वयन गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२) **लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ असार मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा**ः छलफल गर्दा संस्थाको मिति २०८०/०६/२६ गते सम्पन्न संस्थाको चौंथो वार्षिक साधारण सभाको निर्णय बमोजिम नियुक्त "क" वर्गको लेखा परिक्षक कम्पनी **"सि.वि.एस. एण्ड एशोसिएट्स"** द्वारा लेखा परीक्षण भई मिति २०८०/१२/२१ गते वसेको सञ्चालक समितिको ९२औं वैठकवाट स्वीकृत भई नेपाल राष्ट्र बैंकवाट समेत जाँच भई मिति २०८० वैशाख १० गतेका दिन वित्तीय विवरणहरु प्रकाशनको लागि स्वीकृत प्राप्त यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह सहित सोसंग सम्वन्धित अनुसुचीहरुलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३) **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लागी लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा**: छलफल गर्दा संस्थाको आ.व. २०८०/०८१ को लेखा परीक्षणको लागि ३ वटा लेखा परीक्षण कम्पनीहरु एस.डि.आर. एशोशियट्स चार्टर एकाउन्टेन्स, आ.एस.जिं एशोशियट्स चार्टर एकाउन्टेन्स र एस.आचार्य एण्ड एशोशियट्स चार्टर एकाउन्टेन्सले भ्याट सहित क्रमश: रु.५,५०,०००/-, रु.५,००,०००/- र रु.४,५२,०००/- कोटशन प्रस्ताव गरेको तथा मिति २०८१ जेष्ठ १६ गते सम्पन्न लेखा परीक्षण समितिको वैठकले प्राप्त कोटशेन मध्ये कम रकम प्रस्ताव गरेको लेखा परीक्षण कम्पनी एस.आचार्य एण्ड एशोशियट्स चार्टर एकाउन्टेन्सलाई आ.व. २०८०/०८१ को वार्षिक लेखा परीक्षण, एनएफआरएस तथा सो सँग सम्वन्धीत अनुसुचीहरु सहितको प्रतिवेदन तयार गरे वापत पारिश्रमिक वापत भ्याट सहित रु ४,५२,०००/-(अक्षरेपी चार लाख वाउन्न हजार रुपैयाँ मात्र) प्रदान गर्ने सम्वन्धमा लेखा परीक्षण समिति मार्फत सञ्चालक समितिवाट सिफारिस भई आएको लेखा परिक्षक चार्टर्ड एकाउण्टेन्ट कम्पनी एस.आचार्य एण्ड एशोशियट्सलाई लेखा परीक्षकको रुपमा नियुक्ती गर्ने तथा निजलाई लेखा परीक्षण पारिश्रमिक वापत भ्याट सहित सहित रु. ४,५२,०००/- (अक्षरेपी चार लाख वाउन्न हजार रुपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो ।

४) **सञ्चालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना सञ्चालकको निर्वाचन गर्ने सम्वन्धमा**: छलफल गर्दा सञ्चालक समितिको मिति २०८१/०१/२९ गते सम्पन्न ९३औं निर्णय वमोजिम निर्वाचन अधिकृत नियुक्ती हुन भएका अधिवक्ता विश्वराज पाण्डेज्यूले संस्थाको सञ्चालक निर्वाचन विनियमावली, २०७९ बमाजिम मिति २०८१ जेष्ठ १७ गते निर्वाचन कार्यक्रम प्रकाशन गरी तोकिएको निर्वाचन कार्यतालिका वमोजिम आवश्यक संख्यामा आवश्यक मात्र उम्मेदवारी पर्न आएकोले संस्थापक समूहवाट निम्न लिखित उम्मेदवारहरु सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गरियो ।

१) श्री रत्न प्रसाद अधिकारी (प्रतिनिधी-अन्य संस्थापक शेयरधनि)

२) श्री सावित्री खत्री क्षेत्री लामिछाने (प्रतिनिधी-नेष्डो नेपाल)
३) श्री निर्मला क्षेत्री (प्रतिनिधी-नेष्डो नेपाल)
४) श्री रेशम वहादुर खत्री (प्रतिनिधी-नेष्डो नेपाल)

नयाँ चयन हुनु भएका सञ्चालकहरुलाई निर्वाचन अधिकृतवाट निर्वाचित भएको प्रमाणपत्र र सभाका अध्यक्षज्यूवाट खादा मालाले वधाई, स्वागत सम्मान गर्ने काम भयो ।

ख) **बिशेष प्रस्ताव तर्फको निर्णयहरु:**

१) **वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा आवश्यक संशोधन गर्नुपर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्बन्धमा:** छलफल गर्दा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा हालसम्म भएका शंशोधनहरुलाई एकिकृत गरी प्रवन्धपत्र तथा नियमावलीहरु तयारको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने **निर्णय** गरियो ।

२) **यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समभ्रदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:** छलफल गर्दा विगतमा मर्जर सम्वन्धि सहमती भई डिमर्ज हुँदा संस्थाको प्रतिष्ठा देखि सेवा विस्तारमा समेत अत्यन्त ठूलो वाधा अडचन सृजना भएको यथार्त अनुभवलाई समेत मध्यनजर राख्दै सोच विचार पुऱ्याई संस्थागत संस्कार, भौगोलिकता, संस्थागत क्षमता र वित्तीय अवस्था समेतलाई गहिरो विश्लेषण गरी उपर्युक्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने र गाभिने **(Merger)** वा प्राप्ती **(Acquisition)** गर्ने, समभ्रदारी पत्र**(MOU)**मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन **(Due Diligence Audit Report)** तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३) **वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्ने/ गराउन** तथा **अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:** छलफल गर्दा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा दफा र नियम संशोधन गर्ने तथा वित्तीय संस्थासँग सम्वन्धित नियमक निकायबाट प्रस्तावित दफा र नियमका अतिरिक्त नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनसंग

बाझिएका वा सो अनुकुल हुने गरी अन्य कुनै बिषयमा संशोधन वा परिमार्जन वा थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा वा प्रचलित ऐन, कानूनसंग नवाझिने गरी वित्तीय संस्था, यसका लगानीकर्ता र सेवाग्राहीको हितको लागि प्रवन्धपत्र, नियमावलीमा कुनै शंसोधन गर्नुपर्ने भएमा सो समेत आवश्यक शंसोधन गरी स्वीकृतको प्रक्रिया अगाडी वढाउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

४) **संस्थापक शेयर विनिमेश गर्ने सम्वन्धमा:** छलफल गर्दा यस वित्तीय संस्थाको संस्थापक शेयरधनी राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालको १२ लाख कित्ता संस्थापक शेयर कायम रहेकोमा प्रचलित कानुनी व्यवस्था एवम् नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशन बमाजिम सो लाई २५ प्रतिशतको सिमा भित्र कायम गर्नको लागि यथाशिघ्र कार्ययोजना तय गरी पेश गर्नुपर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ को दफा ११ बमोजिम यहि २०८१ फाल्गुन २६ गते ५ वर्ष पुरा भई संस्थापक शेयर विक्री वितरण गर्न सकिने भएता पनि धितो पत्र दर्ता तथा निश्काशन नियमावली, २०७३ को परिच्छेद-९, विविध अर्न्तगत नियम ३८ मा धितोपत्रको विक्री गर्न नपाईने सम्वन्धि व्यवस्थामा **"विवरणपत्र प्रकाशन गरी निष्काशन गरिएको धितोपत्र बाहेक अन्य समूहको धितोपत्र संगठित संस्थाले सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्ष अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।"** भन्ने व्यवस्था भएको र सो अवधी पुरा नभई संस्थापक शेयर खरिद विक्री हुन नसक्ने भएकोले संस्थाले प्रचलित ऐन तथा नियमावलीको व्यवस्थालाई परिपालना गर्दै २०८१ फाल्गुन २६ गतेको मिति देखि सबै कानूनी तथा नीतिगत शर्तहरु समेत पुरा हुने हुँदा संस्थापक शेयरधनि राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालको नाममा रहेको संस्थापक शेयर १२ लाख कित्ता मध्ये ५ लाख ६२ हजार कित्ता शेयर विनिमेशको लागि मिति २०८१ फाल्गुन २६ गते देखि प्रक्रिया शुरुवात गरी मिति २०८२ असार मसान्तसम्ममा सम्पन्न गर्ने गरी निम्नानुसार कार्ययोजना पारित गरी सो कार्ययोजनाको कार्यान्वयनको लागि सञ्चालक समितिले आवश्यक कार्य गर्ने तथा सोको जानकारी नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र वोर्ड लगायतका नियमनकारी निकायका पेश गर्ने निर्णय गरियो ।

| क्र.स | के गर्ने | कहिले गर्ने | कसले गर्ने |
|---|---|---|---|
| १. | संस्थापक शेयरधनी नेष्डो नेपाललाई पत्राचार | २०८१ असार मसान्तभित्र | कार्यकारी प्रमुख |
| २. | नेष्डो नेपालको साधारण सभाबाट प्रस्ताव पारित | २०८१ पौष मसान्तभित्र | नेष्डो नेपाल सं समिति |
| ३. | नेष्डो नेपाल सञ्चालक समितिसंग छलफल | २०८१ माघ मसान्तभित्र | कार्यकारी प्रमुख |
| ४. | शेयर विनिमेश स्वीकृतीको लाधि ने.रा बैंकमा पेश गर्ने | २०८१ फाल्गुन २७ गते | कार्यकारी प्रमुख |
| ५. | संस्थापक बिच शेयर खरिद विक्री सम्वन्धि सूचना | २०८१ चैत्र मसान्तसम्म | संस्था/विक्री प्रवन्धक |
| ६. | चरणवद्ध/विनिमेश प्रक्रिया सम्पन्न | २०८२ असार मसान्तसम्म | वित्तीय संस्था/नेष्डो/वि.प्र |

## ग. विविध प्रस्ताव तर्फको निर्णयहरु:

विविध तर्फ छलफल गरी निर्णयमा पुग्नुपर्ने कुनै प्रस्ताव देखिएन ।

## ३) धन्यवाद सम्वन्धमा:

सभाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूवाट संस्थालाई निरन्तर सहयोग गर्नुहुने नियमनकारी निकाय, सरोकारवाला निकाय, सञ्चारकर्मीको साथै सभामा उपस्थित शेयरधनी महानुभावज्यूहरु सवैलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव अध्यक्षज्यूवाट सभामा प्रस्तुत हुँदा सर्व सम्मतीले धन्यवाद प्रस्ताव पारित गरियो ।

## १२. साधारण सभाको विसर्जन:

अध्यक्षज्यूले उत्साह एवम् उमङ्गकासाथ लामो समयसम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा संलग्न भई यस पाँचौं वार्षिक साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फवाट धन्यवाद दिनुहुँदै अपरान्ह ४:३० बजे यस नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँचौ वार्षिक साधारण सभा, २०८१ औपचारिक रुपमा विसर्जन भएको घोषणा गर्नुभयो ।